## Minute of the Mauja Bijayapur Samaj UK meeting held on Sunday 5 June 2022

Attendees :

1. Chairman Ram Kumar Gurung
2. Vice Chairman Dambar Gurung
3. Secretary Tikaram Gurung
4. Treasurer Birkaji Gurung
5. Media Secretary Purna Gurung
6. Village Representative Tilak Gurung
7. Village Representative Binduraj Gurung
8. Village Representative Dhan Gurung
9. Member Tribinraj Gurung
10. Member Chok Bahadur Gurung
11. Member Abinash Gurung

Apologies/Absentees :

1. Chief Advisor Bil Bahadur Gurung
2. Advisor Khumraj Gurung
3. Asst. Secretary Deependra Gurung
4. Co-ordinator Indra Kumar Gurung
5. Village Representative Tanka Prasad Gurung
6. Member Om Prasad Gurung

05 June 2022 आइतबारको दिन कार्यसमितिले गोर्खा प्यालेस रेस्टुरेन्ट , फान्ब्रोमा बार्षिक साधारण बैठक बसेको थियो। उक्त बैठकबाट निर्णय भएका बुँदाहरु यस प्रकार छन्।

१. बैठकको प्रारम्भ हाम्रो समाजले बैठकको मितिसम्म हालै गुमाएका स्वर्गीय जित बहादुर गुरुङ , स्वर्गीय लिल बहादुर गुरुङ , स्वर्गीय जमिन्दार नन्द बहादुर गुरुङ , स्वर्गीय मुगा गुरुङ , स्वर्गीय उरा माया गुरुङ र स्वर्गीय हरि सोभा गुरुङ ज्युहरुको मृत आत्माको शान्तिको कामना गर्दै १ मिनट मौन धारण बसियो।

२. अध्यक्ष राम कुमार गुरुङज्युले बैठकलाई स्वागत गर्दै बैठकमा आउनु हुने र कार्य बेसेशले आउन नभ्याउनु हुने सम्पूर्ण सदस्य ज्यूहरुलाई धन्यवाद दिनु हुँदै बैठक अघि बढाउना अनुरोध गर्नु भयो।

३. कोष अध्यक्ष बिरकाजी गुरुङज्युले यस बर्ष समाजमा कुनै पनि गति बिधि नभएको हुँदा समाजको खातामा कुनै परिवर्तन नभएको पुस्टि दिनु भयो। तसर्थ समाजको चल्ती खातामा जम्मा £8074.02 र बचत खातामा £7323.34 रहेको वहाँले बताउनु भयो।

४. संचार सचिब पूर्ण गुरुङज्युले हाम्रो समाजको Website को सदस्यता अवधि सकिन लागेको र खासै प्रयोगमा त्यति नआएकोले सदस्यता नबिकरण गर्ने कि नगर्ने भन्ने प्रस्नमा बैठकले नबिकरण गर्ने निर्णय लिएको छ। अर्को नबिकरणको सुल्क सचिब टिकाराम गुरुङज्युले प्रायोजन गर्ने वहाँले प्रतिबद्धता जनाउनु भएको छ।

५. बैठकले सचिब टिकाराम गुरुङज्युलाई बैबाहिक जीवनमा बाँधिनु भएको सुखद उपलकछ्यमा खाता ओढाई बधाई दिइयो।

६. अध्यक्ष राम कुमार गुरुङज्युले हिमालय माध्यामिक बिद्यालय समितिको गतिबिधि सन्तुस्टी पूर्ण नभएको भन्दै बिद्यालयबाट मौजा विजयपुर समाजलाई पठाइएको सहयोग चिट्ठी पनि Viber मार्फत देखाउनु भयो। उक्त सहयोग बारे बिस्तृत अध्ययन गरि सहयोग व्यक्तिगत गर्ने या समाजको तर्फबाट गर्ने ,त्यस बारे छुट्टै बैठक बस्ने निर्णय गरियो। हिमालय माध्यामिक बिद्यालयको नाममा नेपालमा खोलिएको संचय कोष खाता पनि सन्तोष जनक हिसाबले नचलाएको हुँदा खाता के गर्ने भन्ने बिषयमा पनि छुट्टै बैठक बस्ने निर्णय लिइयो।

७. बैठकले 27 August 2022 सनिबारको दिनमा  बार्षिक चेलीबेटी प्रिती भोजको आयोजना Aldershot स्थित Empire Banquetting Hall मा गर्ने निर्णय गरियो। यस पालिको चेलीबेटी प्रिती भोजमा व्यक्तिगत सुल्क निसुल्क गर्ने निर्णय गरियो। तसर्थ भोजको बिषयमा लिइयेका केहि निर्णय हरु यस प्रकार छन् :

i. प्रिती भोजको संयोजक इन्द्र कुमार गुरुङज्युलाई जिम्मा दिने निर्णय गरियो।

ii. सदस्य नबिकरण सुल्क :  विवाहित = £१० र  एकल = £५

पार्टी Fee : £३० सबै सदस्य। तसर्थ येदि विवाहित भए जम्मा £४० र एकल भए जम्मा £३५।

iii. यस पालि पनि Raffle Draw खेलाउने निर्णय गरियो। Raffle Draw खेलाउन संयोजक इन्द्र कुमार गुरुङज्युलाई जिम्मा दिने निर्णय पनि गरियो।

iv. यस पाली पनि बैठकले नव विवाहित , उच्च शिक्षा हासिल, कुनै पनि क्षेत्रमा मान सम्मान हासिल, etc गर्ने सदस्य वा सदस्यको परिवारलाइ बधाई स्वरूप सम्मान गर्ने निर्णय भएको छ।

v. नेपालबाट आएको कुनै कलाकार पाए निमंत्रना गर्ने निर्णय गरियो। कलाकारको रकम उक्त दिनमा व्यक्तिगत हिसाबले उठेको रकम नै दिने निर्णय गरियो। येदि उठेको रकम £200 भन्दा कम भए समाजले कम्तिमा £200 पुराउने निर्णय गरियो।

८. ३ बर्ष भन्दा बढी सदस्य नबिकरण सुल्क नबुझाएको हुँदा तल उल्लेखित सदस्यज्युहरुको सदस्यता यस बैठकको दिन बाट रद्द भएको बैठक ले निर्णय लियौं।

i. बिनोद गुरुङ

ii. गजेन्द्र गुरुङ

iii. नागेश गुरुङ

iv. गउ प्रसाद गुरुङ

v. इन्द्र बहादुर गुरुङ

vi. स्वर्गीय जित बहादुर गुरुङ

९. अर्को बैठक 17 September 2022 मा गर्ने निर्णय गरिय। उक्त बैठकमा चेलीबेटी प्रिती भोज पछाडिको विवरण बारे सल्लाहा गर्ने र नया कार्य समितिको चयन गर्ने निर्णय गरियो। समस्त कार्य समितिका सदस्यज्युहरु र सदस्यज्यूहरुलाई उक्त बैठकमा उपस्थिति भई अन्फो अमुल्य सुझाब दिनु हुन बिनम्र अनुरोध पनि गर्छौं।

१०. आजको खाना खर्च £१४० समाजको खाताबाट तिरियो।



Mr Ram Kumar Gurung

Chairman



Mr Tikaram Gurung

Secretary